सुदुरपश्चिम प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
प्रदेश आपतकालीन कार्य संचालन केन्द्र (PEOC)
धनगढी,कैलाली, नेपाल

ईमेल- peocsudurpaschim@gmail.c
फोन नं. -०९१-५२१३२४
मोबाईल.न.-९७६२३०९८२६


| पत्र संख्याः-२०८०।०८१ | चलानी नं.- | मिति २०८०।०९।१६ गते। |
|---|---|---|

**श्री गृह मन्त्रालय।**
**राष्ट्रिय आपतकालीन कार्य संचालन केन्द्र (NEOC) सिंहदरबार,काठमाण्डौं ।**

## बिषयः-दैनिक घटना विवरण जाहेरी खुलाई पठाईएको सम्बन्धमा।

उपरोक्त सम्बन्धमा यस आन्तरिक मामिला तथा कानुन मन्त्रालय मातहत रहेको प्रदेश आपतकालीन कार्य संचालन केन्द्र (PEOC) तथा यस प्रदेश मातहतका जिल्लाहरुमा स्थापना भएका जिल्ला आपतकालीन कार्य संचालन केन्द्र(DEOC) हरुको मिति २०८०।०९।१५ गते बेलुका १७;०० बजे देखि मिति २०८०।०९।१६ गतेको बिहान ०७;०० सम्म विपद् संग सम्वन्धित घटना-विवरण निम्नानुसार रहेको व्यहोरा सादर अनुरोध गरिन्छ।

- **आगलागी ।**

**जिल्ला कैलाली ।**

मिति २०८०/०९/१५ गते २१:४० बजेको समयमा जिल्ला कैलाली भजनि नपा ०५ नयाँ बस्ति बस्ने राजु कडायतको कच्चिघरमा एक्कासि बिद्युत लतईन सर्टहुन गई आगलागी भएको उक्त स्थानमा सशस्त्र प्रहरी बल,नेपाल प्रस्ताबित सिमा सुरक्षा गुल्म गुलरियाघाट बाट सप्रबह बिरेन्द्र चन्दको कमाण्डमा ०७ जनाको टोली र स्थानियहरुको संयुक्त प्रयासमा ऐ २२:०० बजे आगोपुर्णरुपमा नियन्त्रण भएको उक्त आगलागी बाट अ. ३0.000/-बराबरको क्षेति भएको मानबिय चौपाया क्षेति नभएको ।

- **घरको छतको छतबाट खसि मृत्यु ।**

**जिल्ला दार्चुला ।**

मिति २०८०।०९।१५ गते अं. १४:२५ बजेको समयमा जिल्ला दार्चुला महाकाली.न.पा. वडा नं. ४ खलङ्गा बस्ने वर्ष ४५ को रघुबिर सिंह बोहरा आफ्नै २ तले घरको छतमा खानेपानीको पाइप मिलाउने क्रममा घरको छतमा खस्न गई घाईते भई उपचारको लागि ऐ.१४;३० बजे जि. अस्पताल दार्चुलामा ल्याई उपचार भईरहेको, र थप उपचारको लागि धनगढी लैजाने क्रममा जि.दार्चुला मालिकार्जुन गा.पा.१ मेलखेत स्थित बाटोमा नै मृत्यु भएकोले ऐ.१८:०० बजेको समयमा मृतको लाश जि.अस्पताल दार्चुलामा ल्याई लाश घरमा राखेको, भनि ऐ. अस्पतालमा खटिएको प्रहरी कर्मचारीले जानकारी गराएको ।

- **भिरबाट ढुङ्गा खसी मानिसको मृत्यु।**

**जिल्ला दार्चुला ।**

मिति २०८०।०९।१५ गते अं.१२:४५ बजेको समयमा जिल्ला दार्चुला दुँहु गा.पा.वडा नं.२ गोकुल बस्ने बर्ष ४० की दुरी देवी बडाल घरदेखि अं.२०० मिटर टाढा रोडमा गिट्टी फुटाउने क्रममा भिरबाट ढुङ्गा खसी निजको मुख र छातिमा चोट लागि घाईते भई उपचारको लागि जि.अस्पताल दार्चुलामा ल्याई चेकजाँच गर्दा ऐ.१४:५५ बजे मृत्यु घोषणा गरेको भनि ऐ.अस्पतालमा खटिएको प्रहरी कर्मचारीले जानकारी गराएको।